Symbol No. ....................

RE - 1051'MP'

# SEE 2082 (2026)

## अनिवार्य सामाजिक अध्ययन

समय : ३ घण्टा

पूर्णाङ्क : ७५

*दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :*

### समूह 'क'

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :** (११×१=११)

१. नेपाल र नेपालीलाई विश्वमा चिनाउने कुनै दुई राष्ट्रिय गौरवको नाम लेख्नुहोस् ।

२. नेपालको मानव विकास सूचकाङ्कमा सुधार गर्न के गुर्नपर्छ ? कुनै एउटा उपाय लेख्नुहोस् ।

३. यौन विकृतिले समाजलाई कस्तो असर पार्छ ? कुनै एक असर उल्लेख गर्नुहोस् ।

४. घरेलु हिंसा विरुद्ध जनचेतना जगाउने नारासहित प्लेकार्डको नमुना तयार पार्नुहोस् ।

५. वि.सं. २०४६ को जनआन्दोलनको मुख्य उद्देश्य के थियो ?

६. वि.सं. २०१७ सालमा दलमाथि प्रतिबन्ध लगाउनु ठिक थियो कि थिएन ? एक वाक्यमा आफ्नो तर्कसहित लेख्नुहोस् ।

७. प्रत्यक्ष करको एउटा उदाहरण दिनुहोस् ।

८. तपाईंको परिवारको आर्थिक समृद्धिका लागि ऊर्जाको उपयोग कसरी गर्नुहुन्छ ?

९. हाल सक्रिय नभएको संयुक्त राष्ट्रसङ्घको अङ्ग कुन हो ?

१०. सामाजिक सञ्जालको प्रयोगलाई कसरी सुरक्षित बनाउन सकिन्छ ? एउटा उपाय लेख्नुहोस् ।

११. आफ्नो जीवनलाई स्वस्थ वनाउन तपाईंले गरेको कुनै एउटा अभ्यास उल्लेख गर्नुहोस् ।

### समूह 'ख'

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :** (९×४=३६)

१२. पहिचानले व्यक्ति र समुदायका विशिष्टतालाई जनाउँछ भन्ने तथ्यलाई उदाहरण सहित प्रष्ट्याउनुहोस् ।

१३. नेपालमा सञ्चालित राष्ट्रिय गौरवका आयोजनामध्ये कुनै दुईको सङ्क्षिप्त परिचय दिनुहोस् ।

१४. 'विश्व शान्तिका लागि विश्वबन्धुत्वको भावना' शीर्षकमा एक सम्पादकीय तयार पार्नुहोस् ।

१५. जेष्ठ नागरिकलाई खुसी र सन्तुष्ट राख्न गर्नुपर्ने चार कार्य लेख्नुहोस् ।

अथवा

"लोक बाजा संरक्षण गर्नु हाम्रो दायित्व हो" यस भनाइलाई प्रष्ट पार्नुहोस् ।

क्रमशः

CamScanner

१६. कमैयाजो प्रथाले नेपाली समाजमा पारेका प्रभावहरू उल्लेख गर्नुहोस् ।

१७. नेपालमा उपभोक्तालाई प्राप्त हुने कुनै चार अधिकार लेख्नुहोस् ।

१८. उष्ण तृणभूमि र समशीतोष्ण तृणभूमि हावापानी क्षेत्रविचको चारओटा भिन्नता उल्लेख गर्नुहोस् ।

१९. सूचना प्रविधिलाई तपाईंले कुन कुन क्षेत्रमा कसरी प्रयोग गर्नु भएको छ ? चारओटा उदाहरण लेख्नुहोस् ।

२०. भौगोलिक क्षेत्रका आधारमा नेपालको जनसङ्ख्या वितरण असमान हुनुका कारण लेख्नुहोस् ।

## समूह 'ग'

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :** (४×७=२८)

२१. संसदीय शासन प्रणालीमा शक्ति पृथकीकरण र शक्ति सन्तुलनको आवश्यकता प्रष्ट पार्नुहोस् ।

२२. पृष्ठभरिको नेपालको नक्सा कोरी निम्न तथ्यहरूलाई उपयुक्त सङ्केत प्रयोग गरेर भर्नुहोस् ।

(क) कालीगण्डकी नदी
(ख) शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज
(ग) मध्यपहाडी लोकमार्ग
(घ) कञ्चनजङ्घा हिमाल

अथवा

पृष्ठभरिको दक्षिण अमेरिका महादेशको नक्सा कोरी निम्न तथ्यहरूलाई उपयुक्त सङ्केत प्रयोग गरेर भर्नुहोस् ।

(क) पम्पास घाँसे मैदान
(ख) एन्डिज पर्वत श्रृङ्खला
(ग) अमेजन नदी
(घ) फोक्ल्यान्ड टापु

**दृष्टिविहीनका लागि मात्र**

भूकम्पवाट आफ्नो परिवारमा धनजनको क्षति हुन नदिन तपाईं के के उपाय अपनाउनुहुन्छ ? कुनै सात उपाय लेख्नुहोस् ।

२३. प्रथम विश्वयुद्धका छओटा कारण उल्लेख गरी कुनै दुई कारणको व्याख्या गर्नुहोस् ।

२४. 'हाम्रो जीवनमा वित्तीय शिक्षाको महत्त्व' शीर्षकमा दुई साथीविचको संवाद तयार पार्नुहोस् ।

-ॐ-

CamScanner